# الإيمان بالملائكة

# फरिश्ताहरू प्रति आस्था राख्नु

اللغة النيبالية

नेपाली भाषा


## शेख डा. हैथम सरहान

(अल्लाह उहाँको रक्षा गरून्)



ALSARHAAN.COM MAHADSUNNAH.COM

# फरिश्ताहरु माथि आस्था।

फरिश्ताहरु अल्लाहका सेवक हुन्। जसलाई अल्लाह सर्वशक्तिमानले नुर अर्थात प्रकाश वाट उत्पन्न गर्नु भए। तथा उनिहरुलाई आफ्नो उपासना गर्नु एवम् आज्ञा पालन गर्न को लागि अस्तित्वमा ल्याउनु भयो। उहाँहरुले अल्लाहको प्रशंसा गरेर अल्लाहको गुण गाउने तथा अल्लाहको आज्ञापालन गर्दछन्। अल्लाहको भनाई छ :

لا يعصون الله ما أمرهم ويفعلون ما يؤمرون

उनिहरू ठुलो सङ्ख्यामा छन्। उहाँहरू को वास्तविक सङ्ख्या अल्लाहले नै जान्नुहुन्छ। फरिश्ताहरु माथि आस्था राख्नु मुल सिध्दान्तहरु मध्ये एक हो। जसको बिना इमान पूर्ण हुन सक्दैन। फरिश्ताहरु माथि आस्था राख्नु चार चीजहरू छन्। उहाँको अस्तित्व माथि आस्था राख्नु र यो कि उहाँहरू अल्लाहको कृति मध्ये एउटा बाध्य कृति हुन्। जसको नाम प्रमाणित छ, उहाँहरू को नाम सँग उहाँहरू माथि आस्था राख्नु। जस्तै जबरायिल, मिकायिल , एवम् इस्राफिल आलैहिमुस्सलाम आदि। उनिहरू मध्ये हामी लाइ जस्को गुण को बारेमा जानकारी पाएका छौं उहाँहरू को गुण मा आस्था राख्नु। जस्तै जबरिल आलैहि सलामका सम्बन्धमा आएको छ कि उहाँ को ६०० वटा पखेटा थियो। र उहाँ मार्फत वहि पठाउनु।

उनिहरू मध्ये केही यस्ता छन् जो प्रत्येक परिस्थितिमा मानिसहरू को सुरक्षा को लागि लगाइएको छ। यिनीहरू त्येही  रेख देख गर्न वाला हुन। जस्को विषयमा अल्लाहले भन्नुभएको छ:

له معقبات من بين يديه ومن خلفه يحفظونه من أمر الله

केही फरिश्ताहरुले अर्श लाइ उठाएका छन्। तथा उनिहरू मध्ये केही बैते मामुर को भ्रमण गर्न गर्छन्। नबि  (सल्लल्लाहु अलैहि वसल्लमले) भन्नु भयो। फेरि मलाई बैते मामुर देखाइयो मैले जिबरिल सँग सोधे तब उहाँले भन्नु भयो कि यो बैते मामुर हो जस्मा प्रत्येक दिन ७० हजार फरिश्ताहरु नमाज पढ्ने गर्दछन् र जब उहाँहरू एक पटक निक्लिनु  हुन्छ त्यस पछि कहिल्यै उहाँहरू को पालो आउदैन। उनिहरू मध्ये केही यस्ता फरिश्ताहरु छन् जस्ले मानिसहरू को नराम्रो र राम्रो कर्म लेख्ने गर्दछन् जस्लाई किरामन कातिबिन भनिन्छ।

फरिश्ताहरु माथि हर प्रकारको असुद्ध तथा भर्म देखि सुरक्षित रहनु। जो अल्लाहको फरिश्ताहरु प्रति सत्रु बन्छ भने उ अल्लाहको सत्रु हुने छ। अल्लाहको भनाई छ:

قل من كان عدوًا لله وملائكته  ورسله وجبريل وميكال فإن الله عدوٌّ

للكافرين